अनुसूची-१

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

## दुग्ध सहकारीलाई ५० प्रतिशत लागत साझेदारीमा मेसिनरी औजार अनुदान वितरणका लागि प्रस्ताब आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति (२०८२।१२।०६ गते)**

दुध उत्पादनमा संलग्न कृषकहरुमा दुधको उत्पादन तथा उत्पादकत्व बढाई हेटौंडा उपमहानगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउने एवम् दुधमा गुणस्तर र स्वच्छता कायम गर्ने उद्धेश्यका साथ दुग्ध सहकारीलाई मेसिनरी औजार अनुदानका अन्तर्गत चालू आ.ब. २०८२/०८३ का लागि स्वीकृत दुग्ध सहकारीलाई ५० प्रतिशत अनुदानमा मेसिनरी औजार-चिलिङ भ्याट, मिल्क एनालाइजर, स्टिल क्यान, जेनेरेटर आदी अनुदान वितरण कार्यक्रममा सहभागी हुन इच्छुक नगर भित्र रहेका दुध संकलन, प्रशोधन र वितरण गर्ने दुग्ध सहकारी संस्था दुध ,संकलन, प्रशोधन र वितरण कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी, साना किसान सहकारी र कृषि सहकारी संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र कार्यालय समयमा तपसिल बमोजिमको कागजातहरु संलग्न राखी यस कार्यालयको सहकारी नियमन शाखामा अनुसूची-२ बमोजिमको ढाँचामा आबेदन दर्ता गर्नुहुन यो प्रस्ताब आब्हानको सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समाबेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

१. अनुदान उपलब्ध गराइने मेसिनरी औजारहरू:

- मिल्किङ्ग मेसिन (Milking Machine)
- मिल्क चिलर/कुलिङ भ्याट (Chilling Vat)
- मिल्क क्यान (Milk Cans)
- पाश्चराइजेसन मेसिन, डी-फ्रिज, जेनेरेटर आदि।

२. योग्यता तथा आवश्यक कागजातहरू:

- संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- नियमित नवीकरण भएको निस्सा
- प्यान/भ्याट (PAN/VAT) दर्ता प्रमाणपत्र
- कार्यसमितिको निर्णय (अनुदान माग गर्ने र ५०% लागत व्यहोर्ने प्रतिबद्धता सहित)।
- संस्थाको आफ्नै वा बहालमा रहेको जग्गा/भवनको प्रमाण
- संस्थाको आफ्नै वा बहालमा रहेको जग्गा/भवनको प्रमाणित प्रतिलिपि
- बार्षिक दुध बिक्रीको परिमाण खुल्ने कृषकहरुको प्रमाणित प्रतिलिपि
- सम्बन्धित जिल्ला दुग्ध उत्पादक सहकारी संघको बार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस पत्र
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
- आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्र
- व्यावसायिक कार्ययोजना

३. छनोटका आधारहरू:

- सहकारीमा आबद्ध किसान संख्या
- दैनिक दूध संकलन परिमाण
- संस्थाको दिगोपन सहितको व्यावसायिक कार्ययोजना
- यसअघि यस्तो अनुदान प्राप्त नगरेका संस्थाहरूलाई प्राथमिकता दिइनेछ।

४. अन्य जानकारी:

- अनुदानको कूल लागतमा ५०% संस्थाले व्यहोर्नुपर्नेछ र बाँकी ५०% (तोकिएको सीमासम्म) पालिकाले व्यहोर्नेछ
- रीत नपुगी वा म्याद नाघि आएका आवेदनहरू उपर कुनै कारबाही हुने छैन
- छनोट सम्बन्धी अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ

निवेदनका लागि QR बाट फर्म Download गर्नुहोला

बिस्तृत जानकारीका लागि
हेटौंडा उपमहानगरपालिका
सहकारी नियमन शाखा
०५७-५२४५४०